**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०६ अप्रेल २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- असम, केरलम र केंद्र शासित प्रदेश पुद्दुचेरीमा शांतिपूर्ण मतदान सम्पन्न भएको छ।
- पश्चिम बंगालमा पहिलो चरणको मतदानका लागि नाम फिर्ता लिने तथा दोस्रो चरणको लागि नामांकन दर्ता गर्ने आज अन्तिम दिन हो।
- भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीले आज हल्दीया, आसनसोल र सुरीमा जनसभालाई सम्बोधित गर्नु भयो।
- भारतीय जनता पार्टी (भाजपा)-ले पश्चिम बंगालका मुख्यमन्त्री ममता ब्यनर्जी विरूद्ध चुनाउ आयोग समक्ष सिकायत गर्दै उहाको चुनाउ प्रचारमाथि निश्चित अवधिको लागि रोक लगाउने माग गरेको छ।
- मौसम विभाग द्वारा उत्तर बंगालका बिभिन्न जिल्लाहरुमा भोली सम्म गर्जनसाथ वर्षा हुने पूर्वानुमान गरिएको छ ।

**विधानसभा चुनाव मतदान**

असमए केरलम र केंद्रशासित प्रदेश पुडुचेरीमा विधानसभा चुनावको लागि मतदान सम्पन्न भयो। असमका 126 सीटए केरलका 140 र पुद्दुचेरीका 30 सीटहरुका लागि एउटै चरणमा मतदान भयो। निर्वाचन आयोगले स्वतंत्रए निष्पक्ष र शांतिपूर्ण मतदानका लागि सुरक्षाको व्यापक प्रबंध गरेको छ।असममा साँझ 5 बजे सम्म लगभग ८४.४२ प्रतिशत मतदान दर्ता गरियो। केरलममा साँझ ५ बजे सम्म ७५.०१ प्रतिशत भन्दा बढ़ी मतदान भएको रिपोर्ट छ। केंद्र शासित प्रदेश पुद्दुचेरीमा साँझ ५ बजे सम्म ८६.६२ प्रतिशत भन्दा अधिक मतदान दर्ता गरिएको छ। नागालैंडमा मोकोकचुंग जिल्लाको 28औं कोरिडांग विधानसभा सीटको उपचुनावका लागि सबै 30 मतदान केंद्रहरुमा 4 बजेसम्म शांतिपूर्ण मतदान सम्पन्न भयो।

**पश्चिम बंगाल नामांकन**

पश्चिम बंगालमा पहिलो चरणको मतदानका लागि नाम फिर्ता लिने आज अंतिम दिन हो। राज्यमा 23 अप्रैलमाए पहिलो चरणको मतदान हुनेछ।पश्चिम बंगालमा दोस्रो चरणको मतदानको लागि नामांकन दर्ता गर्ने पनि आज अन्तिम दिन हो।द्बेसो चरणको लागि नामाकंन पत्रहरूको जाँच भोली गरिनेछ तथा १३ अप्रेल सम्म नामाकंन फिर्ता लिन सकिनेछ। यस चरणमा १४२ सीटका लागि २६ अप्रेल को दिन मतदान गराईनेछ।

**पश्चिम बंगाल प्रधानमंत्री रैली**

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीले पश्चिम बंगालमा भाजपाको सरकार सत्तामा आयो भने किसान र मछुवाहरूको कल्याणमा ध्यान दिइने बताउनु भएको छ। हल्दियामा एक जनसभामा प्रधानमन्त्रीले भन्नुभयो यदि राज्यमा भाजपाको सरकार आयो भने धान, आलु र पानको खेतीमा संलग्न किसानहरूलाई फाइदा हुनेछ। बाईट PM FISHERMEN-RALLY उहाँले राज्यका मछुवाहरूको हितलाई बेवास्ता गरेकोमा तृणमूल कांग्रेसको आलोचना गर्नुनभयो।

**मोदी आसनसोल**

प्रधानमन्त्री मोदीले आज पश्चिम बंगालको आसनसोलमा चुनावी जनसभामा भन्नुभयो पश्चिम बर्धमानका जनताको उत्साह र विशाल सहभागिताले सम्पूर्ण बंगाल परिवर्तन चाहन्छ भन्ने संकेत गर्दछ। प्रधानमन्त्रीले आसनसोल-दुर्गापुर क्षेत्रको औद्योगिक महत्वको उल्लेख गर्दै भन्नुभयो यो क्षेत्र कुनै समय देशको औद्योगिक विकासको प्रमुख केन्द्र थियो। उहाँले भन्नुभयो स्वतन्त्रताको समयमा देशको आयमा बंगालको योगदान लगभग 12 प्रतिशत थियो, तर अहिले यसमा धेरै कमी

आएको छ। यसका लागि उहाँले कांग्रेस, वामपन्थी दल र टीएमसीलाई जिम्मेवार ठहर गर्नुभयो।उहाँले आरोप लगाउँदै भन्न भयो यी सबै दलहरूले बंगालका जनतालाई धोका दिएका छन् र राज्यको विकासमा बाधा पुऱ्याएका छन्।प्रधानमन्त्रीले भन्नुभयो यो चुनाव केवल सरकार परिवर्तन गर्ने बारेमा मात्र होइन, तर आसनसोल र सम्पूर्ण बंगाललाई यसको पुरानो औद्योगिक पहिचानमा फर्काउने चुनाव हो। उहाँले भन्नुभयो भाजपा नेतृत्वको एनडीए सरकारले मात्र "माफिया राजबाट मुक्ति" र विकासको बाटो प्रदान गर्न सक्छ।प्रधानमन्त्रीले कानून व्यवस्थाको मुद्दामा पनि राज्य सरकारमाथि हमला गर्नुभयो।उहाँले भाजपा सरकार गठन भएपछि राज्यको विकासमा कुनै पनि कसर बाँकी नराख्ने र हरेक समस्या समाधान गरिने आश्वासन दिनु भयो।

## नितिन नबिन

अर्कोतिर भाजपाका राष्ट्रिय अध्यक्ष नीतिन नवीन अहिले उत्तर बंगालमा चुनाव प्रचारमा आउनुभएको छ। उहाँले आज मालदामा चुनाव प्रचार गर्नुभयो एक रिर्पोट

## ममता मिनाखा जनसभा

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले भारतीय जनता पार्टीले आगामी विधानसभा चुनावलाई प्रभाव पार्न विशेष गहन पुनरीक्षणको क्रममा मतदाता सूचीबाट 90 लाखभन्दा बढी मतदाताको नाम हटाएको आरोप लगाउनु भएको छ।उहाँले भन्नुभयो उहाँको पार्टीले यो मुद्दालाई अदालतमा चुनौती दिनेछ। उहाँ फेरि सत्तामा फिर्ता हुने कुरामा विश्वस्त हुनुहुन्छ। उत्तर 24 परगना जिल्लाको मिनाखा स्थित हाड़ोया सर्कस मैदानमा आयोजित एक जनसभालाई सम्बोधन गर्दै ममता बनर्जीले ठूलो मात्रामा नाम हटाएर चुनावी सन्तुलन बिगार्ने प्रयास गरिएको दाबी गर्नुभयो। उहाँले भन्नमुभयो बंगालमा सत्ता प्राप्त गर्न 90 लाखभन्दा बढी मानिसहरूको नाम हटाईएको छ, तर पनि उहाँको पार्टीले यसपाली पनि चुनाव जित्ने  दाबी गर्नुभयो।उहाँले हटाइएका योग्य मतदाताहरूको नाम फेरि सूचीमा सामेल गर्न उहाँको सरकारले कानुनी कदम चाल्ने पनि बताउनुभयो।294 सदस्यीय पश्चिम बंगाल विधानसभाका लागि चुनाव 23 अप्रैल र 29 अप्रैल दुई चरणमा हुनेछ । मतगणना चार मईको दिन हुनेछ।

## ममता ब्यनर्जी -सिकायत

भारतीय जनता पार्टी (भाजपा)-ले पश्चिम बंगालका मुख्यमन्त्री ममता ब्यनर्जी विरूद्ध चुनाउ आयोग समक्ष सिकायत गर्दै उहाको चुनाउ प्रचारमाथि निश्चित अवधिको लागि रोक लगाउने माग गरेको छ। भाजपाले हिज अबेर साँझ मुख्य चुनाउ आयुक्त ज्ञानेश कुमारलाई पठाएको पत्रमा आरोप लगाएको छ कि  मुख्यमन्त्रीले चुनाउ अवधि राज्यमा तैनाथ केन्द्रिय सशस्त्र पुलिस बलहरूविरूद्ध भड्काउ बयान दिएका छन् जसले स्वतन्त्र र निष्पक्ष मतदान प्रक्रियालाई प्रभावित पार्नसक्छ। सिकायतमा भनिएको छ, गत 7 अप्रेलमा आयोजित एक जनसभामा ममता ब्यनर्जीले कथित रूपमा "सीआरपीएफका 200 वाहन मानिसहरूमाथि हमला गर्नका लागि आइरहेका छन्" भनि बताउनुभएको थियो | भाजपाका अनुसार यस किसिमको बयानले, जनतामाझ भयपूर्ण वातावरण सृजना गर्न अनि सुरक्षा बलहरूप्रति अविश्वास उत्पन्न गर्न सक्छ । यस अतिरिक्त भाजपाले गत 3 अप्रेलमा दक्षिण दिनाजपुर जिल्लाको हरिरामपुरमा आयोजित अर्को सभाको पनि उल्लेख गरेको छ जहाँ मुख्यमन्त्रीले केन्द्रिय बलहरूका वाहनहरूको माध्यम द्वारा राज्यमा धन ल्याइँदैछ भन्ने आरोप लगाउनु भएको थियो । भाजपाको भनाइ छ, यस किसिमको आरोपले केन्द्रिय बलहरूको निष्पक्षता र संवैधानिक भूमिकामाथि प्रश्न तेर्साउँछ। पार्टीले आफ्नो पत्रमा भनेको छ , यस प्रकारको बयानले कानून व्यवस्थाको स्थितिलाई प्रभावित पार्नसक्छ, मतदाताहरूमा डर उत्पन्न गराउनसक्छ तथा चुनाउ प्रक्रियाको निष्पक्षतालाई कमजोर बनाउनसक्छ। भाजपाले चुनाउ आयोगसित ममता ब्यनर्जीविरूद्ध तत्काल कारबाही गर्दै उहाको चुनाउ प्रचारमाथि केही समयसम्मको लागि रोक लगाउने मांग गरेको छ ।

## पोस्टर- विवाद

नक्सलबाड़ीको रायपाड़ा इलाकामा पोस्टर च्यातेको मामलामा पुलिसले  तृणमूल कांग्रेस अनि भाजपाको कुल चार समर्थकहरुलाई पक्राउ गरेको छ । हिज राती रायपाड़ा इलाकामा तृणमूल कांग्रेस अनि भारतीय जनता पार्टी (भाजपा)  बीच पोस्टर च्यातेको बिषयमा विवाद उत्पन्न भएको थियो । आरोप छ कि तृणमूलको पोस्टर च्यातिए पछि दुवै पक्ष बीच मारपिट शुरू भयो जसमा दुवै पक्षका धेरै समर्थकहरु घाइते भएका छन् । स्थिति बिग्रिए पछि पुलिस अनि  केंद्रीय बलले संयुक्त अभियान चलाएर

स्तिथिलाई नियन्त्रणमा ल्याए । त्येस पछि अबेर राती इलाकामा पुलिसले छापा मारेर यस मामलामा दुवै पक्षका चार जनालाई पक्राउ गरेको छ । इलाकामा अहिले पुलिसको निगरानी बढ़ाईएको छ अनि स्थिति नियंत्रणमा रहेको बताईएको छ ।

**ड्रग तस्करी भांडाफोड़, महिला सहित पांच गिरफ्तार**

सिलगढीमा विधानसभा चुनाव बीच लागूऔषध तस्करीको एउटा ठूलो मामिला प्रकाशमा आएको छ। पुरानो आरोपीहरुले एक महिलालाई मोहरा बनाएर लागूऔषध तस्करीको नयाँ योजना बनाएका थिए। यद्यपि, सिलगढी पुलिस र स्पेशल ऑपरेशन ग्रुप (SOG) को सतर्कताले समयमै यो षड्यन्त्रलाई विफल बनायो।एसओजी (SOG) र सिलगढी पुलिसको संयुक्त दलले हिजो राति जोरापानी पुल नजिकै एउटा शंकास्पद चारपाङ्ग्रे वाहनबाट लगभग एक किलोग्राम कच्चा लागूऔषध जफत गरेको छ, जुन ब्राउन शुगर तयार गर्ने उद्देश्यले राखिएको थियो। यस घटनामा एक महिला सहित पाँच जनालाई पक्राउ गरिएको छ।पक्राउ पर्नेमा 33 बर्षीय पूजा रसाइली 48 बर्षीय पप्पु गिरी 39 बर्षीय अजहरुद्दिन शाह 40 बर्षीय एमडी मोहम्मद मुराद अन्सारी र 35 बर्षीय एमडी शमशेर आलम रहेका छन् ।पुलिस अनुसारयस मध्ये चार आरोपी अघिबाटै आपराधिक रिकॉर्डमा शामिल छन्।

**मदिरा तस्करी**

पिकअप वैन द्वारा बिहारमा मदिरा तस्करीको सडयंत्रबारे पत्तो लागेको छ । नक्सलबाड़ीमा नाका चेकिंगको अवधि भारी मात्रामा विदेशी मदिरा फेला पारिएको छ । यस सम्बन्धमा सिलगडीको सूर्यसेन कॉलोनी निवासी वाहन चालकलाई पक्राउ गरिएको छ । प्राप्त जानकारी अनुसार नक्सलबाड़ीको रथखोला मोड़ स्थित एशियन हाईवेमा चुनाव आयोगको स्टैटिक सर्विलांस टीमले आज अपरान्ह नाका चेकिंगको अवधि सिलगडी देखि बिहार तर्फ गैरहेको पिकअप वैनलाई रोकेर जांच गर्दा 39 कार्टून विदेशी मदिरा फेला परियो । घटना पछि जफत गरिएको मदिरा , वाहन अनि चालकलाई नक्सलबाड़ी थाना पुलिसलाई सुम्पिएको छ । पक्राउ गरिएको आरोपितलाई भोली सिलगडी अदालतमा पेश गरिनेछ ।

**विजय कुमार राई**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका दार्जिलिङ क्षेत्रका उम्मेदवार विजय कुमार राईले दार्जिलिङको वार्ड नम्बर 14, र 21 अनि तुगसुङ क्षेत्रको चुनावी भ्रमणपछि पत्रकारहरुलाई सम्बोधन गर्नुभयो। उहाँले जनताका सात राम्रो सम्बन्धका कारण अभियान सहज र सकारात्मक रूपमा सम्पन्न भएको बताउनु भएको छ। साथै,उहाँले जनताले भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा पार्टीलाई राम्रो रूपमा स्वीकार गरेको दाबी पनि गर्नुभयो।आजको चुनावी भ्रमणमा सदर–2 समष्टि अध्यक्ष तिलक कुमार देवान, जी टी ए प्रमुख कार्यकारी अनित थापा तथा पार्टीका अन्य नेताहरूको सहभागिता रहेको थियो।

**गोर्खा नव वर्ष**

गोर्खा नव वर्ष जातीय उत्सव आयोजक समितिका सदस्यहरूले आज एक पत्रकार सम्मेलन मार्फत आगामी नेपाली नयाँ वर्षको अवसरमा आयोजना हुने कार्यक्रमबारे जानकारी दिएका छन्। यस अवसरमा मोटर स्ट्यान्डदेखि बिगबजार हुँदै चौरास्तासम्म भव्य र्‍याली निकालिने छ। आयोजक समितिले सम्पूर्ण सर्वसाधारणलाई कार्यक्रममा सहभागी भई यो पर्व सफल बनाउन अपिल गरेको छ। कार्यक्रममा विभिन्न समुदायहरूको सांस्कृतिक झल्क प्रस्तुत गरिनेछ, जसले हाम्रो विविध र समृद्ध परम्परालाई उजागर गर्नेछ।यस विषय बारे गोर्खा नववर्ष जातीय उत्सव आयोजक समितिका, दार्जिलिङका संयोजक मुकुन्द्राज बराइलीले विस्तृत रूपमा जानकारी दिनु भएको हो।

**पश्चिम बंगाल - अबू हासिमको निधन**

पश्चिम बंगालको मालदाबाट कांग्रेसका वरिष्ठ नेता तथा पूर्व केन्द्रीय मन्त्री अबू हासिम खान चौधरीको हिजो कोलकाताको एक निजी अस्पतालमा निधन भयो।उहाँलाई दलु बाबाको नामले पनि चिनिन्थ्यो। उहाँ 88 वर्षका हुनुहुन्थ्यो। उहाँको अन्तिम संस्कार मालदा स्थित उहाँको पैतृक घरमा गरिनेछ।

**मौसम**

मौसम विभागको पूर्वानुमान अनुसार आज बिहानदेखिनै राज्यको बिभिन्न भागहरुमा भारी वर्षा शुरू भएको छ। बर्षको प्रभाव भोली सम्म जारी रहनेछ।

***सप्ताहको अन्त्यमा वर्षाको तीव्रता कम्ती हुनेछ भने तापमानमा तीन–चार डिग्री सेल्सियससम्मको बढ़ोतरी हुने संभावना छ।***

***उत्तर बंगालमा पनि भोली सम्म गर्जनसाथ वर्षा हुने पूर्वानुमान गरिएको छ। अलिपुरद्वार अनि जलपाईगडीमा भारी बर्षको चेतावनी जारी छ। मालदा, दोईनापुर, दार्जिलिंग अनि जलपाईगडीमा कालबैशाखीको संभावना प्रबल छ। तूफानी हावाको गति 50 देखि 70 किलोमिटर प्रति घंटा सम्म रहनसक्नेछ। बंगालको खाड़ीबाट अधिक जलवाष्प आएकोले भारी वर्षा अनि तूफानको की संभावना बढेको छ।***

**********